iPPAN

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल
Independent Power Producers' Association, Nepal

# News Clips

www.ippan.org.np

कान्तिपुर

# वर्षा अगावै दैनिक ४ सय मेगावाट विद्युत् भारत निर्यात

## आन्तरिक माग पूरा गरी अतिरिक्त करिब १२ सय मेगावाट विद्युत् प्रतिस्पर्धी बजार र द्विपक्षीय सम्झौताबमोजिम निर्यात गर्ने प्राधिकरणको लक्ष्य

**सीमा तामाङ** (काठमाडौं)

नदीहरूमा पानीको बहाव बढ्न थालेपछि विद्युत् उत्पादन वृद्धि भएसँगै भारततर्फ निर्यात सुरु गरिएको छ। नेपाल विद्युत् प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् सोमबार रातिदेखि भारत पठाउन थालेको हो। प्राधिकरणले भारतीय ऊर्जा एक्सचेन्ज (आईएक्स) मार्केटमा प्रतिस्पर्धी दरमा दैनिक ४ सय मेगावाट विद्युत् बिक्री गर्न सुरु गरेको हो।

'जेठ १४ देखि दैनिक ४ सय मेगावाट हाराहारीमा विद्युत् भारततर्फ निर्यात सुरु गरेका छौं,' प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले भने, 'नदीमा पानीको बहाव बढ्दै गइरहेकाले विद्युत् उत्पादन पनि वृद्धि भइरहेको छ।'

यो वर्ष आन्तरिक माग पूरा गरी अतिरिक्त हुने करिब १२ सय मेगावाट विद्युत् प्रतिस्पर्धी बजार र द्विपक्षीय सम्झौताबमोजिम निर्यात गर्ने लक्ष्य राखिएको घिसिङले बताए। 'निर्यात स्वीकृतिका लागि आयोजनाको सूची भारतको केन्द्रीय विद्युत् प्राधिकरणसमक्ष प्रस्ताव पठाइसकेका छौं,' उनले भने, 'सूचीकृत गरी पठाइएका आयोजनामा तामाकोशी, चमेलिया, लिखु ए, लिखु-१, लिखु- २, मिस्त्री खोला, माथिल्लो भोटेकोशी, खिम्तीलगायत छन्।'

द्विपक्षीय सम्झौताबमोजिम बिहार राज्यलाई करिब २ सय मेगावाट विद्युत् बिक्रीका लागि पावर ट्रेड कम्पनीसँग र करिब ४ सय हरियाणा राज्यलाई बिक्री गर्न एनटीपीसी विद्युत् व्यापार निगम (एनभीभीएन) सँग सम्झौता गरी स्वीकृतिका लागि भारतको केन्द्रीय विद्युत् प्राधिकरणमा प्रस्ताव पठाइएको उनले जानकारी दिए।

भारतको केन्द्रीय विद्युत् प्राधिकरणले हालसम्म नेपालका १५ जलविद्युत् आयोजनाबाट उत्पादित ६ सय ५६ मेगावाट विद्युत् प्रतिस्पर्धी बजारमा निर्यातका लागि स्वीकृति दिएको छ। त्रिशूली, देवीघाट, मर्स्याङ्दी, कालीगण्डकी-ए, मध्य मर्स्याङ्दी, लिखु-४, चिलिमे, सोलुखोला, काबेली बी-१, तल्लो मोदी, दोर्दी खोला, सोलु खोला (दूधकोशी), माथिल्लो कलंगाड, माथिल्लो चमेलिया, माथिल्लो दोर्दी-ए आयोजनाले स्वीकृति पाइसकेका छन्।



यस आर्थिक वर्षमा १५ अर्ब २१ करोडको विद्युत् भारतसँग किन्यौं र हालसम्म १३ अर्ब ४७ करोडको उसलाई बेच्यौं, असार मसान्तसम्म यो ग्याप पूरा गरी नेपाल पहिलोपल्ट खुद निर्यातकर्ता बन्दै छ

**कुलमान घिसिङ**
कार्यकारी निर्देशक, विद्युत् प्राधिकरण

६ सय ५६ मेगावाटबाटै मध्यकालीन विद्युत् सम्झौताबमोजिम हरेक वर्ष जुनदेखि अक्टोबरसम्म पाँच वर्षका लागि १ सय १० मेगावाट विद्युत् एनभीभीएनलाई बिक्री गर्न स्वीकृति दिइएको प्राधिकरणले जनाएको छ। एनभीभीएनले उक्त विद्युत् हरियाणा राज्यलाई बिक्री गर्दै आएको छ।

नेपालले विद्युत् रियल टाइम मार्केटमा खरिद बिक्रीको पनि अनुमति पाएको छ। हाल ६५६ मेगावाटमध्ये ढल्केबर-मुजफ्फरपुर ४०० केभी अन्तरदेशीय प्रसारण लाइनबाट ५८६ र महेन्द्रनगर-टनकपुर १३२ केभी प्रसारण लाइनबाट ७० मेगावाट निर्यात भइरहेको छ।

बाराको पिलुवा सबस्टेसनबाट परवानीपुर सबस्टेसनसम्मको करिब १८ किलोमिटर १३२ केभी डबल सर्किट प्रसारण लाइनको क्षमता विस्तारका लागि एउटा सर्किट बन्द गरी तार (कन्डक्टर) बदल्ने काम भइरहेकाले वीरगन्ज क्षेत्रका उद्योगमा विद्युत् आपूर्तिको केही समस्या रहेको घिसिङले बताए। 'कन्डक्टर बदल्ने काम २/३ दिनमा सकिनेछ, त्यसपछि समस्या समाधान हुनेछ,' उनले भने।

दुवै सर्किटको कन्डक्टर बदलेपछि हालको करिब २ सय मेगावाट विद्युत् प्रवाह गर्न सक्ने पिलुवा-परपानीपुर १३२ केभी प्रसारण लाइनको क्षमता डबल हुनेछ। परवानीपुर सबस्टेसनबाट भारततर्फ पनि विद्युत् निर्यात हुने प्राधिकरणले जनाएको छ।

प्राधिकरणले चालु आर्थिक वर्षको हिउँदमा देशभित्रको विद्युत् माग धान्न १५ अर्ब २१ करोड रुपैयाँ बराबरको विद्युत् भारतबाट आयात गरेको थियो। चालु आर्थिक वर्षको साउनदेखि हालसम्म १३ अर्ब ४७ करोड रुपैयाँको विद्युत् निर्यात भएको छ।

सुक्खायाम सुरु भएसँगै नदीहरूमा पानीको बहाव घटी विद्युत् उत्पादन घट्ने हुँदा माग धान्न भारतबाट आयात गरिएको हो। प्राधिकरणका अनुसार १ अर्ब ८१ करोड ४८ लाख युनिट विद्युत् आयात गरिएको छ। प्राधिकरणले चालु आर्थिक वर्षमा निर्यातको तुलनामा १ अर्ब ७४ करोड रुपैयाँको बढी विद्युत् आयात गरेको छ। आयात गरिएको विद्युत्को मूल्य निर्यात गरिएको भन्दा सस्तो रहेको प्राधिकरणले जनाएको छ। **बाँकी पृष्ठ ९**

## वर्षा अगावै दैनिक...

प्राधिकरणका अनुसार निर्यात गरिएको विद्युत्को प्रतियुनिट औसत मूल्य ९ रुपैयाँ २ पैसा छ भने आयातको प्रतियुनिट औसत मूल्य ८ रुपैयाँ ३८ पैसा छ। गत आर्थिक वर्षभर १० अर्ब ४५ करोड ७७ लाख रुपैयाँ बराबरको विद्युत् निर्यात भएको थियो।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले जेठको बाँकी समय र असारमा निर्यात हुने विद्युत् परिणामबाट चालू आर्थिक वर्षमा आयातभन्दा निर्यात बढी भई खुद निर्यातकर्ता बन्ने अवस्था देखिएको बताए। '६/७ वर्षअघिसम्म विद्युत् आयातको मात्र अवस्था थियो, २/३ वर्षअघिबाट निर्यात सुरु गरे पनि निर्यातभन्दा आयात बढी थियो, अब निर्यातकर्ता बन्ने अवस्था देखिएको छ,' उनले भने। चालू आर्थिक वर्षमा निर्यातभन्दा आयात १ अर्ब ७४ करोड रुपैयाँले बढी देखिए पनि बाँकी अवधिमा निर्यात हुने विद्युत् परिणामले यो 'ग्याप' लाई पूरा गरी खुद निर्यातकर्ताका रूपमा रहने उनको भनाइ छ।

प्राधिकरणका उपकार्यकारी निर्देशक मदन तिम्सिनाका अनुसार गत वैशाखसम्म कुल विद्युत् जडित क्षमता ३ हजार १ सय ४१ मेगावाट छ। निजी क्षेत्रका जलविद्युत् आयोजनाबाट १९८० मेगावाट, प्राधिकरणको जलविद्युत् आयोजनाबाट ५८३ मेगावाट, प्राधिकरणको सहायक कम्पनीबाट ४९३ मेगावाट, निजीसहितको कुल सौर्य ऊर्जा ११६ मेगावाट लगायत गरी कुल जडित क्षमता ३१४१ पुगेको हो।

खोला तथा नदीमा पानीको बहाव बढ्न थालेपछि कालीगण्डकी ए, मर्स्याङ्दी, माथिलो त्रिशूली ३ए, मोदीलगायत आयोजनाबाट पूर्ण क्षमतामा विद्युत् उत्पादन सुरु भएको उनले सामाजिक सञ्जालमै लेखेका छन्। अहिले आन्तरिक उत्पादन सरदर १६ सय मेगावाट र पिक लोड २०५० मेगावाटसम्म पुगेको उनले जनाए। घिसिङका अनुसार पिक समयमा आन्तरिक खपत दुई हजार मेगावाट छ। ७/८ वर्षअघि दैनिक विद्युत् खपत एक/डेढ करोड युनिट हाराहारी रहेकोमा हाल बढेर ४ देखि साढे ४ करोड युनिट पुगेको छ।

हाम्रो गौरव, राष्ट्रको पत्रिका

गोरखापत्र

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुखभाग्जनः।

# बाह्र सय मेगावाट निर्यात गर्ने तयारीमा प्राधिकरण

**गोपालचन्द्र सुवेदी**

*काठमाडौँ, जेठ १७ गते*

नेपाल विद्युत् प्राधिकरणले यो वर्ष करिब एक हजार दुई सय मेगावाट विद्युत् भारत निर्यात गर्नका लागि त्यहाँका केन्द्रीय विद्युत् प्राधिकरणमा प्रस्ताव पठाएको छ।

आगामी बर्खायाममा स्वदेशभित्र खपत गरी बचत हुने आकलन गरिएको सो परिमाणको विद्युत् बिक्रीका लागि हरियाणा राज्य सरकारलगायत विभिन्न खरिदकर्ता निकायसँग सम्झौता गरी अन्तिम स्वीकृतिका लागि केन्द्रीय विद्युत् मन्त्रालयमा स्वीकृतिका लागि प्रस्ताव पठाइएको प्राधिकरण कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिनुभयो।

आन्तरिक खपत विस्तारका बाबजुद पनि यो वर्ष उच्चतम करिब एक हजार दुई सय मेगावाटसम्म अधिक हुने देखिएको छ। बर्खामा नदीमा पानीको बहाव बढ्दै जाँदा आयोजना पूर्ण क्षमतामा सञ्चालन हुने जडित क्षमता पनि तीन हजार १४१ मेगावाट पुगिसकेको छ।

"पूर्ण क्षमतामा आयोजना सञ्चालन हुँदा विद्युत् उत्पादन पनि वृद्धि भइरहेको छ," उहाँले भन्नुभयो, "यो वर्षायाममा एक हजार दुई सय मेगावाटसम्म विद्युत् भारत निर्यात गर्न प्रस्ताव पठाएका छौँ।" पछिल्लो समय नेपाल विद्युत् प्राधिकरणले पिक डिमान्ड दुई हजार मेगावाट रेकर्ड गरिरहेको छ। यसले गर्दा आन्तरिक खपत पनि बढ्दो छ। "हामीले यो वर्ष एक हजार दुई सय मेगावाटसम्म विद्युत् भारत निर्यात गर्ने योजना अनुसार प्रस्ताव पठाएका छौँ।"

प्राधिकरणले इन्डियन इनर्जी एक्सचेन्जको डे अहेड तथा रियलटाइम मार्केट र द्विपक्षीय सम्झौताबमोजिम यस विद्युत् वर्ष निर्यातको योजना बनाएको छ। द्विपक्षीय सम्झौताबमोजिम विहार राज्यलाई करिब दुई सय मेगावाट विद्युत् बिक्रीका लागि पावर ट्रेड कम्पनीसँग र करिब चार सय हरियाणा राज्यलाई बिक्री गर्न एनटिपिसी विद्युत् व्यापार निगम लिएनभिभिएनसँग सम्झौता गरी स्वीकृतिका लागि भारतको केन्द्रीय विद्युत् प्राधिकरणमा प्रस्ताव पठाइसकेको घिसिङले जानकारी दिनुभयो।

उता आइइएक्सको रियलटाइम र डे अहेड मार्केटका लागि त्यहाँको केन्द्रीय विद्युत् प्राधिकरणले हालसम्म नेपालका १५ वटा जलविद्युत् आयोजनाबाट उत्पादित ६५६ मेगावाट विद्युत् निर्यातका लागि स्वीकृति दिइएको छ।

६५६ मेगावाटबाटै मध्यकालीन विद्युत् सम्झौताबमोजिम हरेक वर्ष जुन–अक्टोबरसम्म पाँच वर्षका लागि ११० मेगावाट विद्युत् एनभिभिएनलाई बिक्री गर्न स्वीकृति पनि दिइएको छ। एनभिभिएनले उक्त विद्युत् हरियाणा राज्यलाई बिक्री गर्दै आएको छ।

भारततर्फ विद्युत् निर्यात सुरु गरेको जनाइएको छ। प्राधिकरणले जेठ १४ गते रातिदेखि यो वर्षको विद्युत् निर्यात सुरु गरेको हो।

वर्षासँगै खोला तथा नदीमा पानीको बहाव क्रमिक रूपमा बढेर देशभित्रका जलविद्युत्गृहबाट विद्युत् उत्पादन वृद्धि हुन थालेपछि भारतर्फ विद्युत् निर्यात सुरु भएको प्राधिकरणले जनाएको छ।

## यो वर्ष खुद निर्यातक : घिसिङ

प्राधिकरणले यही फागुन १४ गतेदेखि दैनिक करिब चार सय मेगावाट विद्युत् निर्यात सुरु गरिसकेको छ। यो जेठ र आगामी असारभरको निर्यात थप हुँदा चालु आर्थिक वर्षमै नेपाल विद्युत्को खुद निर्यातक बन्ने आकलन गर्नुभयो। दुई/तीन वर्षअघिबाट विद्युत्को निर्यात सुरु गरेकामा यस वर्षदेखि नेपालले आयातभन्दा बढी विद्युत् निर्यात गर्ने अवस्था देखिएको छ।

गत वर्ष साउनदेखि मध्य जेठसम्मको आँकडा अनुसार देशभित्रको विद्युत् माग धान्न १५ अर्ब २१ करोड रुपियाँ बराबरको एक अर्ब ८१ करोड ४८ लाख युनिट विद्युत् भारतबाट आयात भएको प्राधिकरणको तथ्याङ्क छ। साउनदेखि हालसम्म १३ अर्ब ४७ करोड रुपियाँको विद्युत् निर्यात गर्न सक्दा हालसम्म एक अर्ब ७४ करोड रुपियाँको मात्र बढी आयात भएको देखिन्छ। यस अवधिमा



एक अर्ब ४९ करोड २९ लाख युनिट विद्युत् निर्यात गरिएको हो।

यो वर्षको विद्युत् व्यापारमा प्रतियुनिट विद्युत् खरिदबिक्री दरमा भने नेपालको बिजुलीले मूल्य उच्च पाएको देखिएको छ। नेपालले निर्यात गरेको बिजुलीको औसत प्रतियुनिट मूल्य नौ रुपियाँ दुई पैसा प्राप्त भएको छ भने भारतबाट खरिद गरिएको विद्युत्को मूल्य प्रतियुनिट आठ रुपियाँ ३८ पैसा परेको प्राधिकरणले जनाएको छ।

मध्यान्ह
राष्ट्रिय दैनिक

# उत्पादन बढेसँगै भारतमा दैनिक ४ सय मेगावाट बिजुली निर्यात

**मध्यान्ह संवादाता**
काठमाडौं १७, जेठ ।




नेपालमा विद्युत उत्पादन बढ्न थालेपछि नेपाल विद्युत प्राधिकरणले भारतमा विद्युत निर्यात बढाएको छ । वर्षायामसँगै खोला तथा नदीहरुमा पानीको बहाव क्रमिक रुपमा बढेर विद्युत उत्पादन वृद्धि हुन थालेपछि भारतर्फ विद्युत निर्यात शुरु भएको छ । देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् १४ जेठ रातीबाट भारतीय ऊर्जा एक्सचेन्ज (आइएक्स) मार्केटमा प्रतिस्पर्धी दरमा बिक्री शुरु गरिएको विद्युत प्राधिकरणले जानएको छ ।

खोला तथा नदीमा पानीको बहाब बढेसँगै प्राधिकरण, प्राधिकरणका सहायक कम्पनीहरु र निजी क्षेत्रका स्वामित्वमा रहेका जलविद्युत् आयोजनाहरुको विद्युत् उत्पादन वृद्धि भएर आन्तरिक माग पूरा भएपछि अतिरिक्त भएको विद्युत निर्यात शुरु गरिएको प्राधिकरणले जनाएको छ । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले अहिले दैनिक रुपमा चार सय मेगावाटको हाराहारीमा विद्युत निर्यात भइरहेको जानकारी दिए ।

‘आन्तरिक माग पूरा गरी अतिरिक्त भएको एक हजार देखि एक हजार दुई सय मेगावाट विद्युत् प्रतिस्पर्धी बजार र द्विपक्षीय सम्झौताबमोजिम यस वर्ष निर्यात लक्ष्य राखिएको छ,’ घिसिङले भने, ’निर्यात स्वीकृतिका लागि आयोजनाहरुको सूची भारतको केन्द्रीय विद्युत प्राधिकरणसमक्ष प्रस्ताव पठाइसकेका छौं ।’

द्विपक्षीय सम्झौताबमोजिम बिहार राज्यलाई करिब २ सय मेगावाट विद्युत् बिक्रीका लागि पावर ट्रेड कम्पनीसँग र करिब ४०० हरियाणा राज्यलाई बिक्री गर्न एनटीपीसी विद्युत व्यापार निगम एनभीभीएनसँग सम्झौता गरी स्वीकृतिका लागि भारतको केन्द्रीय विद्युत् प्राधिकरणमा प्रस्ताव पठाइसकेको घिसिङले जानकारी दिए ।

केन्द्रीय विद्युत प्राधिकरणले हालसम्म नेपालका १५ वटा जलविद्युत् आयोजनाहरुबाट उत्पादित ६५६ मेगावाट विद्युत प्रतिस्पर्धी बजारमा निर्यातका लागि स्वीकृति दिएको छ । ६५६ मेगावाटबाटै मध्यकालीन विद्युत सम्झौता बमोजिम हरेक वर्ष जुन-अक्टोबरसम्म पाँच वर्षका लागि ११० मेगावाट विद्युत एनभीभीएनलाई बिक्री गर्न स्वीकृति दिइएको छ । एनभीभीएनले उक्त विद्युत हरियाणा राज्यलाई बिक्री गर्दै आएको छ । नेपालले विद्युत रियल टाइम मार्केटमा बिद्युत खरिद बिक्रीको पनि अनुमति पाएको छ ।

६५६ मेगावाटमध्ये ढल्केबर-मुजफ्फपुर ४०० केभी अन्तरदेशीय प्रसारण लाइनबाट ५८६ र ७० मेगावाट महेन्द्रनगर-टनकपुर १३२ केभी प्रसारण लाइनबाट निर्यात भइरहेको छ । घिसिङले बाराको पिलुवा सबस्टेसनबाट परवानीपुर सबस्टेसनसम्मको करिब १८ किलोमिटर १३२ केभी डबल सर्किट प्रसारण लाइनको क्षमता विस्तारका लागि एउटा सर्किट बन्द गरी तार (कन्डक्टर) बदल्ने काम भइरहेकाले वीरगञ्ज क्षेत्रका उद्योगहरुमा विद्युत आपूर्तिको केही समस्या रहेको बताए ।

सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१६ जेठ २०८१, बुधबार (29 May 2024, Wednesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक ४७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

# यो वर्षको विद्युत् निर्यात सुरु, दैनिक १२ सय मेगावाट बेच्ने लक्ष्य

- भारतमा थप दैनिक चार सय मेगावाट विद्युत् बिक्री गर्न सम्झौता
- सुक्खा याममको विद्युत् आयात २१.७५% ले घट्यो

मिलन विश्वकर्मा/नयाँ पत्रिका

भारतमा यो सिजनको बिजुली निर्यात थालिएको छ। नदीहरूमा पानीको बहाव बढेर आन्तरिक खपतको तुलनामा बिजुली उत्पादन वृद्धि भएसँगै विद्युत् प्राधिकरणले सोमबार रातिबाट विद्युत् निर्यात थालेको हो। निर्यातसँगै आयात भने रोकिएको छ।

प्राधिकरणका अनुसार सोमबार राति १२:०१ बजे भारतको इनर्जी एक्सचेन्ज मार्केटमा प्रतिस्पर्धी मूल्यमा बिजुली बिक्री सुरु भएको हो। अहिले रातको समयमा

पृष्ठ ९ मा क्रमशः

## यो वर्ष आयातभन्दा बढी बिजुली निर्यात हुनेछ

● **कुलमान घिसिङ,**
कार्यकारी निर्देशक, विद्युत् प्राधिकरण



विगतमा निर्यातको तुलनामा आयात हुने बिजुली धेरै हुने गरेकोमा यसपटक भने निर्यातले उछिन्ने देखिएको छ। चालू आवमा १५ अर्ब ६२ करोड रुपैयाँको बिजुली आयात भएको छ भने जेठ १७ सम्म १३ अर्ब ४७ करोड रुपैयाँको निर्यात भएको छ। चालू आव सकिन अझै करिब डेढ महिना रहेको र यो अवधिमा उच्चदरले निर्यात हुने गर्छ। जसकारण बिजुली निर्यातको तथ्यांकले आयातलाई उछिन्छ भन्ने विश्वास छ। अघिल्ला वर्षहरूको तुलनामा बिजुली पनि धेरै निर्यात गर्ने प्रयत्न भइरहेको छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

## यो वर्षको...

पृष्ठ १ बाट क्रमशः

दैनिक चार सय मेगावाटसम्म र दिउँसो दुई सय मेगावाटसम्म बिजुली विद्युत् निर्यात भइरहेको छ। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले यो सिजन दैनिक १२ सय मेगावाटसम्म बिजुली बेच्ने लक्ष्य राखेको बताए।

'भारतीय बजारको मागअनुसार अहिले फरक परिमाणमा विद्युत् निर्यात भइरहेको छ, आन्तरिक मागको तुलनामा बढी भएको बिजुली निर्यात थालिएको हो,' उनले भने, 'निर्यात सुरु भएसँगै विद्युत्को आयात पनि स्थगित गरिएको छ।'

अत्यधिक गर्मीका कारण हिमालमा हिउँ पग्लिएर नदीमा मिसिएको र बंगालको खाडीमा विकसित सामुन्द्रिक आँधीले विभिन्न क्षेत्रमा पानी परिरहेका कारण नदीको प्रवाह बढेर बिजुली उत्पादनसमेत मागभन्दा बढी भएको प्राधिकरणले जनाएको छ। मुलुकका अधिकांश जलविद्युत् आयोजना नदी प्रवाहमा आधारित भएकाले हिउँदमा कम र बर्खामा धेरै बिजुली उत्पादन गर्ने प्रकृतिका छन्। हिउँदको मागअनुसार आन्तरिक उत्पादनले धान्न नसक्दा आयातसमेत हुने गरेको छ। चालू आर्थिक वर्ष ०८०-८१ मा २१ मंसिरदेखि भारतबाट बिजुली आयात गरिएको थियो। घिसिङका अनुसार अहिले झन्डै दुई हजार मेगावाट विद्युत् उत्पादन भइरहेको छ। तर, विद्युत्को उच्च माग १९ सय मेगावाट हाराहारी मात्रै छ। 'रातको समयमा विद्युत्को माग झन् न्यून छ। त्यसले रातको समयमा चार सय मेगावाटसम्म निर्यात गरिरहेका छौँ,' उनले भने।

हाल विद्युत्को जडित क्षमता ३२ सय मेगावाट पुग्न लागेको छ। यो अझै बढ्ने क्रम जारी छ। तर, आन्तरिक खपत भने दुई हजारदेखि २२ सय मेगावाटसम्म हुने अनुमान छ। मागभन्दा बढी उत्पादन भइरहेको एक हजारदेखि १२ सय मेगावाटसम्म दैनिक निर्यात गर्न सकिने प्राधिकरणको भनाइ छ। प्रतिस्पर्धी बजार र द्विपक्षीय सम्झौता दुवै सर्तभित्र रहेर सो परिमाणको विद्युत् निर्यात गर्न पहल भइरहेको घिसिङले जानकारी दिए।

भारतले प्रतिस्पर्धामार्फत खुला बजारमा पाँच सय ४६ मेगावाट विद्युत् निर्यात गर्न स्वीकृति दिइसकेको छ। यसबाहेक मध्यकालीन बजारमा नियमित रूपले ६ सय मेगावाट विद्युत् बिक्री गर्ने गरी द्विपक्षीय सम्झौता भर्खरै भएको छ। यद्यपि, कार्यान्वयनमा आइसकेको छैन। प्रतिस्पर्धा र मध्यकालीन बजारको अवसर प्रयोग गरेर दैनिक १२ सय मेगावाटसम्म निर्यात गर्न सकिने प्राधिकरणको दाबी छ।

## नियमित रूपले दैनिक चार सय मेगावाट विद्युत् बिक्री गर्ने सम्झौता

विद्युत् प्राधिकरणले भारतमा दैनिक चार सय मेगावाट विद्युत् मध्यकालीन बजारमा बिक्री गर्ने गरी एनटिपिसी विद्युत् व्यापार निगम लिमिटेड (एनभिभिएन) सँग सम्झौता गरेको कार्यकारी निर्देशक कुलमान घिसिङले बताए। एनभिभिएनलाई प्रतियुनिट ५.४५ भारु (८.७२ रुपैयाँ) मा विद्युत् बिक्री गर्ने गरी सम्झौता भएको हो।

आगामी पाँच वर्षसम्म बर्खायाममा दैनिक चार सय मेगावाट विद्युत् खरिद-बिक्री गर्ने गरी सम्झौता भएको उनको भनाइ छ। यसअघि प्राधिकरणले पावर ट्रेडिङ कम्पनी (पिटिसी) इन्डियासँग दुई सय मेगावाट विद्युत् पाँच वर्षसम्म बर्खायाममा बिक्री गर्ने गरी सम्झौता गरेको थियो। पिटिसी इन्डियासँग प्रतियुनिट ५.२५ भारु अर्थात् ८.४० नेपाली रुपैयाँमा पिपिए भएको थियो। दुवै सम्झौताले पूर्णता पाएकाले दैनिक ६ सय मेगावाट बिजुली नियमित रूपमा बिक्री गर्ने बाटो खुलेको छ। हाल निर्यात भइरहेको बिजुली भने यो कोटाअन्तर्गत पर्दैन। प्राधिकरणले खुला बजारमा प्रतिस्पर्धा गरी अहिले बिजुली बिक्री गरिरहेको हो।